म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १३५ २०८२ चैत २४ गते मंगलबार 7 April 2026, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## सभामुख र सांसदहरुलाई समान कुर्सी

काठमाडौं : प्रतिनिधिसभा हलमा सभामुख र सांसदहरूलाई समान कुर्सी व्यवस्था गरिएको छ । विगतमा सभामुखलाई विशेष किसिमको कुर्सी थियो । यसपटक पनि सभामुखको निर्वाचन हुनु अगाडि सभामुख र सांसद्का लागि फरक-फरक किसिमका कुर्सी राखिएका थिए । सभामुखमा डोलप्रसाद अर्याल आएसँगै सभामुख र सांसदहरूलाई समान कुर्सीको व्यवस्था गरिएको हो ।

'सम्मानननीय सभामुखले समान कुर्सीको व्यवस्थाका लागि आग्रह गर्नुभएपछि कलर मात्रै फरक गरेर सभामुख र सांसदहरूका लागि समान कुर्सीको व्यवस्था गरिएको हो,' संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले भने । सोमबार बसेको प्रतिनिधिसभाको बैठकले दुई वटा फरक-फरक समिति बनाएको छ । २१ सदस्यीय कार्यव्यवस्था परामर्श समिति गठन गरेको छ । यसैगरी, सोमबारको प्रतिनिधिसभा बैठकले प्रतिनिधिसभा नियमावलीको मस्यौदा समिति पनि गठन गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद गणेश पराजुलीको सभापतित्वमा १५ सदस्यीय समिति गठन भएको हो ।

*स्रोत : अनलाइनखबर ।*

### बागमती प्रदेशसभाको बैठक आजदेखि

# अस्थायी हलमा तयारी पूरा



*आजबाट सुरु हुने प्रदेश सभा बैठकका लागि तयार बैठक कक्ष ।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभा बैठक आज मंगलबार दिउँसो ४ बजे बस्दैछ । हेटौँडा-२ स्थित हेटौँडा उपमहानगरपालिका परिसरमा निर्माण भएको मुख्यमन्त्री सभाहलमा बैठक बस्ने तय भएको हो । जेनजी आन्दोलनको क्रममा प्रदेशसभा सचिवालयसहित सभाहल र प्रदेश सरकारका संरचनाहरु जलेपछि प्रदेशसभा बैठक समेत प्रभावित बनेको थियो । गत साउन २७ मा बसेको प्रदेशसभा बैठक त्यस यता बस्न सकेको थिएन ।

जेनजी आन्दोलनमा जलेको उक्त भवनको सामान्य मर्मत गरेर प्रदेशसभा बैठक बस्ने तयारी गरेको बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले बताइन् । सभामुख रिक्त रहेको अवस्थामा सभा संचालन तथा सचिवालय र हल व्यवस्थापनको काममा उपसभामुख चापागाई सक्रिय रहेकी छिन् । जेनजी आन्दोलनको क्रममा तत्कालिन सभामुख भुवन कुमार पाठकले पदबाट राजीनामा घोषणा गरी असोज १ मा लिखित राजीनामा दिएका थिए भने उनको राजीनामा बारे प्रदेश सभा अधिवेशन अन्त्य भएपछि मंसिर ४ मा सूचना जारी गरिएको थियो ।

सो अवस्थामा लामो समयको अन्तरालपछि प्रदेशसभाको गतिविधि पुन: सुचारु गर्ने तयारी भएको उपसभामुख पाठकले बताइन् । बिहीबार हेटौँडामा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उपसभामुख चापागाईले जेनजी आन्दोलनका क्रममा प्रदेशसभा भवनमा क्षति पुगेका कारण मंगलबारदेखिको बैठक हेटौँडा नगरपालिकाको परिसरभित्र रहेको अस्थायी हलमा सञ्चालन गर्न लागिएको उनको भनाई छ । उपसभामुख चापागाईका अनुसार साविकको प्रदेशसभा सचिवालय भवन जलेर नष्ट भएकाले हाललाई दुई स्थानबाट कार्यसम्पादन गरिनेछ ।

'पुरानो सचिवालय भवनमा मर्मत सम्भार गरेर सचिवालय, संसदीय दलका कार्यालय र सुरक्षाकर्मी बस्ने व्यवस्था मिलाइएको छ', उनले भनिन्, 'भवन निर्माण नहुञ्जेलसम्मका लागि नगरपालिकाको हललाई अस्थायी बैठक स्थलका रूपमा प्रयोग गरिनेछ । नयाँ ठाउँमा बैठक बस्नका लागि आवश्यक माइक प्रणाली भाडामा ल्याइएको र आन्तरिक मामिला मन्त्रालयबाट जेनेरेटरको व्यवस्था गरिएको छ । सचिवालयले आवश्यक टेबुल, कुर्सी र पर्दा जस्ता सामग्रीहरु खरिद गरी बैठकको तयारी पूरा गरेको छ ।'

मंगलबार दिउँसो ४ बजेका लागि प्रदेशसभाको बैठकको कार्यसूचि कार्यव्यवस्था परामर्श समितिको बैठकले निर्णय गर्नेछ । प्रदेश सभा बैठक अघि दिउँसो १ बजे सर्वदलीय बैठक र २ बजे कार्यव्यवस्था परामर्श समितिको बैठक बस्ने तय भएको उपसभामुख चापागाईले बताइन् । मंगलबारको बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रहरु वाचन गरिने, नियमावली अनुसार सभा सञ्चालनका लागि सदस्यहरुको मनोनयन गरिने र ६ वटा राजनीतिक दलका प्रमुख नेताहरूले शुभकामना मन्त्रालय दिने कार्यक्रम रहेको छ ।

सो बाहेकका कार्यसूचि बारे कार्यव्यवस्था परामर्श समितिको निर्णय अनुसार अघि बढिने उनले बताए । बैठक संचालनका लागि प्रदेशका सदस्यहरुले आफ्नो क्षेत्रका समस्या राख्नका लागि 'विशेष समय' उपलब्ध गराउने एजेण्डा रहेको उनले बताइन् । उनका अनुसार प्रदेशसभाको आगामी बैठकहरुमा सवारी तथा यातायात व्यवस्था ऐनको उत्तर विधायिकी परीक्षण प्रतिवेदन पेश हुने, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गर्ने, प्रदेश लोकसेवा आयोग र आदिवासी जनजाति आयोगका वार्षिक प्रतिवेदनहरु पेश गर्ने एजेण्डा रहेको उनले बताइन् ।

आगामी बैठकले सभामुखले राजीनामा दिएका कारण रिक्त रहेको पदमा नयाँ सभामुख चयनको प्रक्रिया पनि अघि बढाउन सकिने उपसभामुख चापागाईले बताइन् । मंगलबारको सर्वदलीय बैठकको सहमति अनुसार सभामुख चयनको कार्यसूची तय हुन सक्ने उनको भनाई छ । सर्वदलीय बैठकको निर्णय अनुसार सभामुखको निर्वाचनको सूचना जारी हुने उनले बताइन् । संविधानत् सभामुख रिक्त रहेको अवस्थामा प्रदेश सभा बैठक संचालन भएको १५ दिन भित्र नियुक्ति प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था रहेको छ ।

# संघीयताप्रति संघीय सरकार प्रतिवद्ध : मुख्यमन्त्री बानियाँ

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीय सरकार संघीयता र प्रदेश सरकारप्रति सकारात्मक रहेको बताएका छन् । संघीय सरकारले प्रदेश संरचनाप्रति प्रतिवद्ध रहेर काम गरिरहेको र प्रदेश सरकारले पनि त्यसमा सहकार्य गर्नुपर्ने उनले बताए ।

उनका अनुसार विगतदेखि नै रोकिएको बागमती प्रदेश सरकारको संरचना निर्माण सम्बन्धी जग्गा भोगाधिकारको फाइल सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पारित गरेको बताए । उक्त पाइल स्वकृति कार्की नेतृत्वको सरकारको अन्तिम समयमा भएको र हाल सो सम्बन्धी काम अन्तिम चरणमा पुगेको बताए । 'हाम्रो भवन बनाउन संघीय सरकारलाई किन चासो पर्नु । हामीले माग गरेको वर्षौंपछि अहिले फाइल सदर भएर क्यविनेटबाट पास भएको छ । संघीय सरकार संघीयता र प्रदेश संरचनाप्रति प्रतिवद्ध छ । उपलब्धीमुलक ढंगबाट हामीले काम गरेर नागरिकको पक्षमा उभिन सक्नुपर्छ । संघीय सरकार संघीयताप्रति सकारात्मक हुन्न थियो भने सुशीला कार्की नेतृत्वको सरकारले जग्गा प्राप्ति प्रक्रियाको निर्णय गर्दैन थियो र अहिले सोको प्रक्रिया टुंगिने अवस्थामा हुन्नथियो । यो संघीय सरकार प्रतिको प्रतिवद्धता हो ।'

सरकारले खर्च कटौती र सुशासनको कार्ययोजना अघि सारेको उनले बताए । उनले प्रदेश संरचनामाथि उठिरहेका अवस्थामा अनावश्यक प्रशासनिक बोझ घटाएर विकास निर्माणमा केन्द्रित हुने योजना तयार गरेको बताए । मुख्यमन्त्री बानियाँले आफूले पाउँदै आएको मासिक १५० लिटर इन्धन सहित सचिवालयको सुविधा नागरिकको सेवामा खर्च गरेको बताए । उनले आफ्नो मासिक पारि श्रमिक र अन्य सुविधावापत प्राप्त हुने ८५ हजार ७३० रुपैयाँ सीमान्तकृत समुदायका लागि खर्च गरिरहेको बताए । उक्त रकमबाट हालसम्म मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाका दलित तथा चेपाङ समुदायका लागि ३ वटा घर निर्माण भइरहेको र सो वापत १५ देखि १७ लाख रुपैयाँ खर्च भइसकेको उनको भनाई छ ।

मुख्यमन्त्री बानियाँका अनुसार प्रदेश सरकारले प्रशासनिक खर्च घटाउन कार्य अन्तिम चरणमा रहेको छ । प्रदेशमा रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा कायम गर्ने गरी तयारी भएको उनले बताए । प्रशासनिक खर्चलाई मितव्ययी र सुशासनयुक्त प्रदेश निर्माणका लागि ७०१ जना कर्मचारी कटौती गर्ने र अनावश्यक रुपमा रहेका बोर्ड, समिति तथा ७ वटा निर्देशनालयमध्ये ५ वटा खारेज गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए । सरकारले प्रदेशको ढुकुटीबाट पैसा खर्चेर मन्त्री र कर्मचारीहरु वैदेशिक भ्रमणमा जान नपाउने कडा नीति समेत अख्तियार गरेको उनको भनाई छ । सरकारले तालिम, गोष्ठी र संघसंस्थालाई दिइने अनुदानमा ५० प्रतिशतले कटौती गरिएको उनले बताए ।

प्रदेश सरकारका मन्त्रालयहरु छरिएर रहेका कारण कार्यसम्पादनमा समस्या भएको भन्दै मुख्यमन्त्रीले ३१ हेक्टर जग्गा प्राप्तिको प्रक्रिया टुंगिएको र अब एकीकृत प्रादेशिक सचिवालय निर्माण हुने उनले बताए । चालु आर्थिक वर्षमा नै ठेक्का आह्वान गर्ने तयारीमा मन्त्रालयले काम गर्न निर्देशन गरिएको उनले बताए । मुख्यमन्त्री बानियाँले आगामी बजेटलाई पूर्ण रुपमा नतिजामुखी र राजस्व संकलनमा केन्द्रित बनाउने बताए । प्रदेश सरकारले वितरणमुखी कार्यक्रमभन्दा उत्पादन र आयआर्जनलाई प्राथमिकता दिने उनले बताए । मुख्यमन्त्री बानियाँका अनुसार सडक निर्माणलाई केवल यातायातमा मात्र सीमित नराखी 'ग्रीन इकोनोमी' र जीविकोपार्जनसँग जोडिने छ ।

'विगतका साना र टुक्रे योजनाहरुले ठूलो प्रतिफल दिन सकेन । अबका योजनाहरु ठूला र स्पष्ट प्रतिफल दिने खालका हुनेछ । २/४ लाखका योजनाले जनतालाई तत्काल राहत त देला । तर त्यसले दीर्घकालीन विकास गर्दैन । अब हामी १० लाख खर्चेर १० करोडको माग गर्ने कामभन्दा पनि १० करोड खर्चेर त्यसबाट कति राजस्व र रोजगारी सिर्जना हुन्छ भन्नेमा केन्द्रित हुन्छौं', उनले भने, 'हाम्रा सडकले चाउचाउ र मट्टितेल मात्र बोक्ने होइन । फर्किंदा गाउँका जडीबुटी र कृषि उपज पनि बोकेर आउनुपर्छ । सडकको वरिपरि उत्पादन बढाउन कृषि, वन र पर्यटन मन्त्रालयसँग समन्वय गरेर अगाडि बढ्नेछौं ।'

# बलियो सरकार बनेपछि सक्रिय प्रहरी, प्रशासन

समाज संवाददाता



*लागूऔषध सेवन गरे, नगरेको परीक्षण गर्दै प्रहरी ।*

हेटौँडा : झण्डै दुइतिहाई बहुमतको सरकार गठन भएसँगै देशव्यापी रुपमा प्रहरी, प्रशासन सक्रिय भएको छ । प्रहरी, प्रशासनको देशव्यापी सक्रियतासँगै मकवानपुरमा पनि प्रहरी, प्रशासनको सक्रियता सशक्त देखिएको छ । प्रहरीले गुण्डागर्दी गर्नेदेखि विचौलिया र सर्वसाधारणलाई दुख दिनेहरुलाई नियन्त्रणमा लिएको छ । अवैधरुपमा नदिजन्य पदार्थ उत्खनन् गर्नेलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र जनमुखी बनाउन प्रशासनको सक्रियता पनि तीव्र देखिएको छ । सामान्यत: प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा कार्यालय प्रमुखहरुलाई बोलाएर हुने छलफल र निर्देशन विपरित पछिल्लो समय मकवानपुरका प्रमुख जिल्ला अधिकारी नै सम्बन्धित कार्यालयमा पुगेर सेवाप्रवाह कसरी व्यवस्थित र प्रभावकारी बनाउने भनेर सहजीकरण गरिरहनु भएको छ । प्रहरीले हेटौँडा बजारको प्रमुख सडकमा पार्किङ निषेध गर्न सुरु गरेको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा बजार क्षेत्रमा प्रहरीले सोमबारदेखि पार्किङ निषेध गरेको छ ।

प्रहरीले सोमबार अबैध रुपमा नदिजन्य पदार्थ उत्खनन गर्ने २ वटा ट्र्याक्टर र चालकसहित ५ जनालाई मकवानपुर पक्राउ गरेको छ । सोमबार दिउँसो ३ बजेको समयमा हेटौँडा-१, राप्ती खोलाबाट अबैध रुपमा नदिजन्य पदार्थहरु उत्खनन् गरिरहेको अवस्थामा प्रहरीले ट्र्याक्टर नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले ना ५ त ६७०० नम्बरको ट्र्याक्टर र चालक हेटौँडा-३, बसामाडीका ४२ वर्षीय सोम बहादुर लो, ना ३ त १२३१ नम्बर ट्र्याक्टर र चालक हेटौँडा-१, चौकीटोलका २७ वर्षीय धन बहादुर थिङ, हेटौँडा-१, चोकिटोलका २५ वर्षीय प्रेम बलामी मगर, मनहरी गाउँपालिका-४, नयाँबस्तीका ४७ वर्षीय केशव वाईबा र मनहरी-४, मसिनेका ४८ वर्षीय रमन प्रजालाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

यस्तै लागूपदार्थ सेवन गरी सवारी साधन चलाउने १२ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । प्रहरीद्वारा सञ्चालित 'अप्रेशन ड्रप' अन्तर्गत सोमबार उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरको संयुक्त टोलीले मनहरी गाउँपालिका अन्तर्गत सडकखण्डमा गरेको आकस्मिक सुरक्षाजाँचको क्रममा उनीहरु पक्राउ परेका हुन् । प्रहरीका अनुसार ६५ वटा सवारी जाँच गरिएकोमा १२ जना चालकले लागूऔषध सेवन गरी सवारी चलाएको पाइएको प्रहरीले जनाएको छ । 'अपरेशन ड्रप' अन्तर्गत यसअघि मकवानपुर प्रहरीले १८ जनालाई पक्राउ गरेको थियो ।


# हार्दिक बधाई



श्रमिक माध्यमिक विद्यालय पूर्वविद्यार्थी समाजका अध्यक्ष मकवानपुरका परिचित पत्रकार **सुरेश श्रेष्ठ** हालै सम्पन्न **स्वतन्त्र पत्रकार संघ नेपाल**को महासचिव पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । यस सुखद् अवसरमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**श्रीराम दाहाल**
**प्रधानाध्यापक**

**विवेक कार्की**
**अध्यक्ष, वि.व्य.स.**

**एवम् श्रमिक माध्यमिक विद्यालय परिवार**

**हेटौंडा-४, कर्रा**

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## सम्पादकीय

# प्रभावहिन प्रदेश सभा

बागमती प्रदेश सभाको हिउँदे अधिवेशन आजबाट सुरु हुँदैछ । पछिल्लो पटक गत साउन २७ गते प्रदेश सभा बैठक बसेको थियो । झण्डै ८ महिनापछि आज प्रदेश सभाको बैठक बस्न लागेको हो । ८ महिनासम्म निष्क्रिय रहेको प्रदेश सभा प्रभावहिन संरचना हो भनेर बुझ्न गाह्रो छैन । प्रदेश संरचनाको परिकल्पना, हाम्रो सन्दर्भमा यसको प्रभावकारी भूमिकाको अवसर विपरित बागमती प्रदेश सभा लामो समय निष्क्रिय रहनु सामान्य विषय होइन । आमरुपमा प्रदेश संरचनाको विषयमा आलोचना भइरहेका बेला ८ महिनासम्म प्रदेश सभा बैठक नै नबस्नु प्रदेश संरचनाको औचित्यमाथि प्रश्न गर्नेहरु सही छन् भन्ने तथ्य स्थापित हुने सम्भावना छ ।

पछिल्लो राजनीतिक परिवर्तनले प्रदेश संरचनामाथि चुनौति थपिएको छ । पुराना राजनीतिक दलहरुप्रति बढ्दो वितृष्णाको नतीजा फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामलाई हेर्न, बुझ्न सकिन्छ । अहिले देशका सातै प्रदेशमा पुराना राजनीतिक दलकै उपस्थिति छ । फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नयाँ दलको रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको जनमतले प्रदेश र स्थानीय तहको निर्वाचनमा समेत पुराना दललाई गम्भीर चुनौति रहने स्पष्ट छ । यस्तो परिस्थितिमा अझै प्रदेश र पालिकाको संरचनामा उल्लेखनीय सुधार देखिने संकेत छैन । प्रदेश संरचनाको सन्दर्भमा रास्वपा पछिल्लो प्रदेश निर्वाचनमा सहभागी नभएको, बहिष्कार गरेको दल हो । यतिबेला रास्वपाले प्रदेश संरचना नै खारेज गर्ने निर्णय गऱ्यो भने पनि त्यस्तो निर्णय ठिक थियो भन्नाका लागि ८ महिनासम्म बागमती प्रदेश सभा बैठक नबसेको स्थितिलाई बलियो आधार बनाउन सक्ने जोखिम छ ।


प्रदेश संरचना आफैंमा कमजोर र प्रभावहिन होइन । तर, राजनीतिक नेतृत्वमा स्पष्ट दृष्टिकोण नहुनुले प्रदेश संरचना अनावश्यक जस्तो देखिएको छ । यतिबेला प्रदेश संरचना राजनीतिक दलका नेता, कार्यकर्ता व्यवस्थापन गर्ने, कर्मचारीलाई भ्रष्ट्राचार गर्ने थलोको रुपमा स्थापित भएको छ । प्रदेश सभा, प्रदेश सरकार प्रदेशवासीको हितका लागि काम गर्ने संरचनाको रुपमा अग्रसर हुन सकेको छैन । देशका सात प्रदेश मध्ये बागमती प्रदेश स्रोत, साधन, जनशक्ति र भौगोलिक अवस्थितका हिसाबले नमूना प्रदेशको रुपमा अग्रसर भएर बाँकी छ वटा प्रदेश सरकारका लागि मार्गदर्शक बन्नुपर्ने थियो । तर, व्यवहारमा निराशाको केन्द्र, अन्य प्रदेशलाई आफू कमजोर हुनुमा कुनै दुखेसो नहुने आधारको रुपमा बागमती प्रदेश स्थापित छ ।

पछिल्लो जेन जी आन्दोलन, आन्दोलनपछि नागरिक सरकारको अगुवाईमा सम्पन्न आम निर्वाचनपछि पनि प्रदेश सरकारले आफूलाई औचित्यपूर्ण रहेको स्थापित गर्नेतर्फ ठोस् कदम चालेको छैन । जनअपेक्षा र समयको आवश्यकता विपरित प्रदेश सरकारका साझेदार दलहरु सत्ता केन्द्रित तर्क-वितर्कमै सीमित छ । अहिले नेपाली काँग्रेस नेतृत्वको प्रदेश सरकारमा सत्ता साझेदार नेकपा एमाले आलोपालो सरकार चलाउने सहमतिअनुसार वर्तमान मुख्यमन्त्रीले राजिनामा दिनुपर्ने माग गरिरहेका छन् । काँग्रेस र एमाले पछिल्लो राजनीतिक परिवर्तन र जनमतलाई मनन् नगरी सत्ता केन्द्रित मानसिकताबाटै ग्रसित छ । प्रदेश सभा आफैंमा आलोचित र कमजोर बनिरहँदा शक्तिशाली सरकारले प्रदेश संरचना विघटन गर्ने जोखिम पनि छ । प्रदेश संरचना कायमै रहँदा पनि आगामी आवधिक निर्वाचनमा पुराना दलहरुले संघीय सत्तामा जस्तै प्रदेश र स्थानीय सत्ताबाट पनि बाहिरिनुपर्ने जोखिम रहनेछ । यसो भनिरहँदा कुनै अमुक दल सत्तामा रहने, नरहने भन्दा पनि जनभावना, जनसेवा र परिणामुखी, प्रभावकारी कार्यसम्पादनको आवश्यकतालाई बुझ्नु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : घरयासी सामाग्रीहरु जोहो गरिने योग छ । |
| **वृष** | : प्रयासले रोकिएका कामहरु बन्ने योग छ । |
| **मिथुन** | : डुब्न लागेको काम र दाम प्राप्त हुनेछ । |
| **कर्कट** | : मानसिक अशान्ति र विचलन ल्याउने छ । |
| **सिंह** | : धपेडी र दौडधुप बन्न सक्ने समय छ । |
| **कन्या** | : राज्यपक्षबाट लाभ हुने समय योग छ । |
| **तुला** | : सामाजिक दायित्व बढने समय योग छ । |
| **वृश्चिक** | : कामकाजमा मन आकर्षित हुने समय छ । |
| **धनु** | : स्वास्थ्य स्थिति कमजोर रहने समय छ । |
| **मकर** | : पुरस्कार प्राप्त हुने समय योग रहेको छ । |
| **कुम्भ** | : ज्ञानमुलक विषयमा सक्रिय भइने समय छ । |
| **मीन** | : व्यवहारिक समस्याले तनाव बढाउने छ । |

# एक्काइसौं शताब्दीको अदृश्य रणभूमि : मोबाइल र बिजुलीको चीम नै जासूस ?

- **आधुनिक युद्ध अब मोबाइल फोन, स्मार्ट टिभी र सडकका सेन्सरमार्फत तथ्याङ्क चोरी र डिजिटल आक्रमणबाट लडिन्छ।**
- **अमेरिका र इजरायलले संयुक्त रूपमा बनाएको /'स्टक्सनेट'/ भाइरसले इरानको आणविक भट्टीका मेसिनहरू नष्ट गरेको थियो।**
- **भेनेजुएलाको जस्तै ग्राफाइट बम वा सफ्टवेयर मार्फत हाम्रो/'लोड डिस्प्याच सेन्टर'/ मा हमला भयो भने, नेपालको जलविद्युत् प्रणाली केही घण्टामा नै ध्वस्त हुन सक्छ।**



✍ देवीप्रसाद सुवेदी

आधुनिक विश्वमा युद्धको परिभाषा पूर्ण रूपमा बदलिएको छ । पहिलेका युद्धहरू सिमानामा सेनाको उपस्थिति, ट्याङ्करहरूको गर्जन र आकाशमा लडाकु विमानहरूको उडानबाट चिनिन्थे । तर आजको समयमा, सबैभन्दा भयानक युद्धहरू कुनै आवाज विना, हाम्रो खल्तीमा रहेको मोबाइल फोन, घरको भित्तामा झुण्डिएको स्मार्ट टिभी र सडकमा गुड्ने गाडीका सेन्सरहरू मार्फत लडिँदै छन् । यो एक यस्तो युद्ध हो जहाँ रगत बग्नुअघि नै तथ्याङ्क (डेटा) चोरी भइसकेको हुन्छ अनि शत्रुले आक्रमण गर्नुअघि नै उसको बिजुली र सञ्चार प्रणाली ध्वस्त पारिएको हुन्छ । अमेरिका र उसका शक्तिशाली सहयोगी राष्ट्रहरूले इरान, रूस र भेनेजुएला जस्ता देशहरूमा सञ्चालन गरेका अभियानहरूले यो प्रमाणित गरि सकेका छन् कि अबको महाशक्ति त्यो होइन जसको हातमा धेरै बम छ; शक्तिशाली त त्यो हो जसको कब्जामा संसारको इन्टरनेट सर्भर र सफ्टवेयरको साँचो छ ।

यस अदृश्य युद्धको सबैभन्दा डरलाग्दो पक्ष भनेको यसको 'शून्य पदचाप' (जेरो फुटप्रिन्ट) हो । जब इरानको अति सुरक्षित नतान्ज आणविक भट्टीमा जडान गरिएका मेसिनहरू अचानक आफैं पड्किन थाले, त्यहाँका वैज्ञानिकहरूले हप्तौंसम्म के भइरहेको छ भन्ने पत्ता लगाउन सकेनन् । त्यहाँ कुनै बाहिरी मिसाइल प्रहार भएको थिएन । पछि अनुसन्धान गर्दा थाहा भयो कि अमेरिका र इजरायलले संयुक्त रूपमा निर्माण गरेको 'स्टक्सनेट' नामक एउटा सानो सफ्टवेयर भाइरसले ती मेसिनहरूलाई विस्तारै नष्ट गरिरहेको थियो । यो भाइरस कुनै इन्टरनेटबाट होइन, एउटा साधारण कर्मचारीले 'फ्लुक्किएर' प्रयोग गरेको पेन-ड्राइभ मार्फत भित्र छिरेको थियो । त्यसैले, आजको प्रविधिले कङ्क्रिट पर्खाल र सुरक्षा घेरालाई अदृश्य रूपमा पार गरिसकेको छ ।

### घरभित्रका सामान नै जासुस

हामीले आफ्नो सुविधाका लागि किनेका आधुनिक उपकरणहरू नै आजका दिनमा सबैभन्दा भरपर्दो जासुस सावित भएका छन् । अमेरिकाको गुप्तचर निकाय सीआईएले विकास गरेको 'वीपिङ एन्जेल' नामक सफ्टवेयरले सामसुङका स्मार्ट टिभीहरूलाई एउटा यस्तो अवस्थामा पुऱ्याउँछ, जसलाई 'फेक-अफ' भनिन्छ । यस अवस्थामा प्रयोगकर्तालाई लाग्छ कि उसको टिभी बन्द छ, किनकि स्क्रिन अँध्यारो हुन्छ र बत्ती पनि निभेको देखिन्छ । तर वास्तविकतामा, त्यो टिभीको भित्र रहेको माइक्रोफोन सक्रिय रहन्छ र त्यसले कोठामा भइरहेका हरेक साउती र गोप्य कुराकानीहरू रेकर्ड गरेर अमेरिकी सर्भरमा पठाइरहेको हुन्छ । यो प्रविधि विशेषगरी रूस र मध्यपूर्वका उच्च अधिकारीहरूको गोप्य बैठकका कुरा सुन्न प्रयोग गरिएको तथ्यहरू बाहिर आएका छन् ।

त्यस्तै, हामीले सोच्न पनि नसक्ने अर्को माध्यम भनेको कम्प्युटरको 'फ्यान' वा चिस्याउने प्रणाली हो । इरान जस्ता देशहरूले आफ्ना गोप्य डाटाहरू जोगाउन कम्प्युटरलाई इन्टरनेटबाट पूर्ण रूपमा अलग राख्छन् । तर 'फ्यानस्मिटर' भनिने प्रविधिले यस्तो सुरक्षालाई पनि तोडिदिएको छ । यसमा एउटा विशेष भाइरसले कम्प्युटरको फ्यानको घुम्ने गतिलाई सूक्ष्म रूपमा परिवर्तन गर्छ । फ्यानको गति बदलिंदा त्यसबाट निस्कने आवाजको तरंग (साउन्ड वेभ्ज) पनि बदलिन्छ ।

मान्छेको कानले त्यो फरक थाहा पाउँदैन, तर कोठामा कतै लुकाइएको सानो डिभाइस वा मोबाइल फोनले त्यो आवाजलाई 'डिकोड' गरेर कम्प्युटरभित्रको पासवर्ड वा गोप्य फाइलहरू बाहिर पठाउन सक्छ । यसरी प्रविधिले हावाको तरंगलाई नै सूचना ओसार्ने माध्यम बनाइदिएको छ ।

### सामाजिक सञ्जालः मनोवैज्ञानिक युद्धको नयाँ हतियार

फेसबुक, टिकटक र एक्स (ट्विटर) जस्ता प्लेटफर्महरू केवल फोटो सेयर गर्ने ठाउँ मात्र होइनन्, यी त आधुनिक युद्धका सबैभन्दा प्रभावकारी मनोवैज्ञानिक हतियार हुन् । अमेरिकाको सेन्ट्रल कमाण्डले 'अपरेशन अर्नेस्ट भोइस' मार्फत हजारौं नक्कली इन्टरनेट पात्रहरू (स्टकपपेट) खडा गरेको छ । यी पात्रहरूले ठ्याक्कै स्थानीय मान्छेको जस्तै भाषा र लवजमा बोल्छन्, तर तिनीहरूलाई सफ्टवेयरले चलाइरहेको हुन्छ । यिनीहरूको मुख्य काम भनेको कुनै पनि देशको चुनावलाई प्रभाव पार्नु, जनतामा आफ्नो सरकार प्रति अविश्वास पैदा गर्नु र समाजमा साम्प्रदायिक वा राजनीतिक कलह फैलाउनु हो । रूस र युक्रेनको युद्धमा यस्ता हजारौं नक्कली एकाउन्टहरू प्रयोग गरेर सैनिकको मनोबल गिराउने र सर्वसाधारणमा डर पैदा गर्ने काम व्यापक रूपमा भइरहेको पत्ता लागेको छ ।

सामाजिक सञ्जालको सुरक्षा केवल आफ्नो पासवर्ड जोगाउनु मात्र होइन, बरु आफ्नो 'डाटा' को प्रयोग कसरी भइरहेको छ भनेर बुझ्नु पनि हो । जब हामी कुनै एपलाई आफ्नो लोकेसन वा कन्ट्याक्ट लिस्ट हेर्ने अनुमति दिन्छौं, हामीले अन्जानमै आफ्नो देशको सुरक्षामा सानो प्वाल पारिरहेका हुन्छौं ।

उदाहरणका लागि, सन् २०१८ मा 'स्ट्राभा' नामक फिट्नेस एपको तथ्याङ्क सार्वजनिक हुँदा संसारभर रहेका अमेरिकी र अन्य देशका गोप्य सैन्य अड्डाहरूको नक्सा नै छर्लङ्ग भएको थियो । किनकि ती अड्डाभित्र रहेका सैनिकहरूले दौडिंदा आफ्नो फिट्नेस ट्र्याकर अन गरेका थिए । यसले के पुष्टि गर्छ भने, हाम्रो एउटा सानो गल्तीले राष्ट्रिय सुरक्षाका ठूला गोप्य योजनाहरू शत्रुको हातमा पुग्न सक्छन् ।

### भेनेजुएलाः भौतिक पूर्वाधारमाथिको डिजिटल प्रहार

प्रविधिको प्रयोग गरेर कुनै पनि देशलाई कसरी घुँडा टेकाउन सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण भेनेजुएला बनेको छ । सन् २०२६ को सुरुआतमा भेनेजुएलाको राजधानी कराकस लगायतका प्रमुख शहरहरूमा हप्तौंसम्म बिजुली काटियो । यो केवल साधारण प्राविधिक समस्या थिएन ।

अमेरिकाले त्यहाँ 'ग्राफाइट बम' (विएलयू-वनवनफोर/बी) प्रहार गरेको थियो, जसले बिजुलीका तारहरूमा कार्बनका अति सूक्ष्म रेसा फैलाएर पूरै ग्रिडलाई सर्ट-सर्किट गराइदियो । तर यो भौतिक आक्रमण मात्र थिएन, यसको पछाडि ठूलो साइबर हमला पनि जोडिएको थियो । भेनेजुएलाका इन्जिनियरहरूले प्रणाली सुधार्न खोज्दा उनीहरूको सफ्टवेयर नै 'लक' गरिएको थियो, जसले गर्दा हस्पिटलमा अक्सिजन मेसिनदेखि सेनाको सञ्चार प्रणालीसम्म सबै ठप्प भयो ।

त्यति मात्र होइन, अमेरिकाले भेनेजुएलाको 'बोर्डर गेटवे प्रोटोकल' (बीजीपी) लाई नै हाइज्याक गरेर त्यहाँको इन्टरनेट ट्राफिकलाई आफ्नै सर्भरमा मोडिदिएको थियो । यसको अर्थ, भेनेजुएलाका मन्त्री वा सैन्य कमाण्डरहरूले एक-अर्कालाई पठाएका गोप्य सन्देशहरू पहिला अमेरिकी एजेन्सीका सर्भरमा पुग्थे, त्यहाँ त्यसको नक्कल उतारिन्थ्यो र त्यसपछि मात्र वास्तविक गन्तव्यमा पठाइन्थ्यो । यसरी शत्रु देशको सञ्चार प्रणालीमाथि पूर्ण नियन्त्रण कायम गरेर अमेरिकाले त्यहाँको नेतृत्वलाई अन्धकारमा राख्न सफल भएको थियो । अबको युद्धमा भौतिक हतियार भन्दा 'डिजिटल कब्जा' कति शक्तिशाली र घातक हुन्छ भन्ने कुरा यस दृष्टान्तबाट थप स्पष्ट हुन्छ ।

### जीपीएस र स्याटेलाइटको अदृश्य नियन्त्रण

हामीले बाटो खोज्न प्रयोग गर्ने जीपीएस प्रणाली वास्तवमा अमेरिकी रक्षा विभागको सम्पत्ति हो । युद्धको समयमा अमेरिकाले यो प्रणालीलाई एउटा अचम्मको हतियारको रूपमा प्रयोग गर्छ । कुनै निश्चित क्षेत्रमा, जस्तै रूस वा इरानको सिमानामा, अमेरिकाले जीपीएस सिग्नललाई 'जाम' गरिदिन सक्छ वा त्यसलाई 'स्पूप' (भ्रमित) पार्न सक्छ । 'स्पूफिङ' भनेको एउटा यस्तो प्रविधि हो जहाँ जहाज वा मिसाइलको कम्प्युटरले आफू सही बाटोमा भएको ठान्छ, तर वास्तवमा त्यो गलत दिशामा गइरहेको हुन्छ । यसले गर्दा शत्रुले प्रहार गरेका मिसाइलहरू आफ्नै शहरमा खस्न सक्छन् वा समुद्रमा रहेका जहाजहरू दिशा हराएर शत्रुको कब्जामा पुग्न सक्छन् ।

यो प्रविधि केवल मिसाइलका लागि मात्र होइन, आधुनिक गाडी र ड्रोनहरूका लागि पनि उत्तिकै महत्वपूर्ण छ । यदि कुनै देशले आफ्नो प्रतिरक्षाका लागि ड्रोनको प्रयोग गरिरहेको छ भने, अमेरिकाले त्यसको स्याटेलाइट सिग्नल काटेर त्यसलाई जमिनमा खसाल्न वा आफ्नो नियन्त्रणमा लिन सक्छ । इरानले सन् २०११ मा अमेरिकाको एउटा अत्याधुनिक 'आरक्यू-१७०' ड्रोनलाई यसरी नै जीपीएस सिग्नलमा खेलेर सकुशल अवतरण गराएको थियो । त्यसयता अमेरिकाले यो क्षेत्रमा अझ बढी लगानी गरेर 'एम-कोड' नामक विशेष सैन्य सिग्नल विकास गरेको छ, जसलाई जाम गर्न असम्भव जस्तै मानिन्छ । भनिन्छ, यसरी आकाशबाट हुने यो डिजिटल नियन्त्रणले जमिनको युद्धलाई पूर्ण रूपमा प्रभावित पार्ने शक्ति राख्दछ ।

### लेबनानको पेजर विस्फोटः सप्लाई चेनको खतरा

सन् २०२४ मा लेबनानमा भएको पेजर र वाकी-टाकी विस्फोटको घटनाले प्रविधिको युद्धलाई एउटा नयाँ र भयानक मोडमा पुऱ्याइदिएको छ । यो घटनाले के प्रमाणित गऱ्यो भने, हामीले प्रयोग गर्ने इलेक्ट्रोनिक सामान कहाँ बनेको हो र कसरी हाम्रो हातसम्म आइपुग्यो भन्ने कुराले हाम्रो जीवन र मृत्युको फैसला गर्न सक्छ । इजरायली र अमेरिकी गुप्तचर निकायहरूले ती पेजरहरू लेबनान पुग्नुअघि नै 'सप्लाई चेन' (आपूर्ति शृङ्खला) मा हस्तक्षेप गरेर त्यसभित्र सानो परिमाणमा विस्फोटक पदार्थ र एउटा विशेष चिप्स राखिदिएका थिए ।

यो एक यस्तो हमला थियो जसलाई कुनै पनि एन्टी-भाइरस वा सफ्टवेयरले पत्ता लगाउन सक्दैनथ्यो । जब एउटा निश्चित कोड भएको म्यासेज ती सबै पेजरमा पठाइयो, तिनीहरू एकैसाथ पड्किए । यसले के पाठ सिकाउँछ भने, अबको युद्धमा सफ्टवेयर मात्र होइन, हार्डवेयर पनि सुरक्षित हुनुपर्छ । रूस र चीन जस्ता देशहरूले अहिले आफ्नै देशभित्र चिप्स र कम्प्युटरको पार्टपुर्जाहरू बनाउनुको मुख्य कारण यही हो - ताकि विदेशी सामानमा लुकाइएका 'डिजिटल टाइम बम' हरूबाट बच्न सकियोस् । सबै प्रविधि बाहिरबाटै आउने नेपाल जस्तो देशका लागि यो झनै ठूलो चुनौतीको विषय हो ।

### सामाजिक सञ्जालको सुरक्षा

यो विशाल डिजिटल युद्धको बीचमा हामी साधारण नागरिकहरू कसरी सुरक्षित रहने भनेर विशेष ख्याल गर्नु आवश्यक छ । सबैभन्दा पहिलो कुरा, सामाजिक सञ्जालमा हामीले सेयर गर्ने जानकारी नै हाम्रो सुरक्षाको सबैभन्दा कमजोर कडी हो । हामीले फेसबुक वा एक्समा आफ्नो लोकेसन, परिवारको विवरण र दैनिक क्रियाकलापहरू राख्दा, हामीले नजानिंदो गरी जासुसी एजेन्सीहरूलाई हाम्रो 'जीवनको ढाँचा' (प्याटर्न अफ लाइफ) तयार पार्न सहयोग गरिरहेका हुन्छौं । यस्ता डाटाहरूलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रयोग गरेर विश्लेषण गरिन्छ र भविष्यमा हामीलाई कस्तो किसिमको भ्रमपूर्ण समाचार पठाएर हाम्रो सोच बदल्न सकिन्छ भन्ने योजना बनाइन्छ ।

सामाजिक सञ्जालको सुरक्षाका लागि निम्न कुराहरूमा ध्यान दिनु अनिवार्य छः हामीले प्रयोग गर्ने एपहरूलाई दिइने अनुमति (पर्मिसन) मा कडाइ गर्नुपर्छ । यदि कुनै टर्च बाल्ने एपले हाम्रो माइक्रोफोन वा कन्ट्याक्ट लिस्ट माग्छ भने, त्यो पक्कै पनि जासुसीको एउटा माध्यम हो । दोस्रो, सामाजिक सञ्जालमा आउने हरेक उत्तेजक खबरहरूलाई आँखा चिम्लेर विश्वास गर्नुहुँदैन । कतिपय अवस्थामा ती समाचारहरू 'शत्रु' देशका 'ट्रोल फार्म' हरूबाट सिर्जना गरिएका हुन्छन्। तेस्रो, सार्वजनिक वाई-फाई प्रयोग गरेर बैंकिङ कारोबार वा गोप्य कुराकानी गर्नुहुँदैन, किनकि ती नेटवर्कहरू सजिलै ह्याक गर्न सकिन्छ। प्रविधिको प्रयोग गर्दा सधैं 'शंकाको सुविधा' लिनु नै बुद्धिमानी हुन्छ ।

### व्यक्तिगत उपकरणको सुरक्षा

डिजिटल युद्धको यो भुमरीमा आफ्नो मोबाइल र कम्प्युटरलाई सुरक्षित राख्नु भनेको केवल पासवर्ड लगाउनु मात्र होइन, बरु यसका भित्री सेटिङहरूलाई जासुसी विरुद्ध मजबुत (हार्डन) पार्नु हो । सबैभन्दा पहिले, आफ्नो स्मार्टफोनको 'प्राइभेसी' सेटिङमा गएर 'परमिसन म्यानेजर' जाँच गर्नु अनिवार्य हुन्छ । यहाँ गएर कुन-कुन एपले माइक्रोफोन, क्यामेरा र लोकेसन प्रयोग गरिरहेका छन् भन्ने हेर्नुहोस् । धेरैजसो अवस्थामा, टर्च, क्याल्कुलेटर वा साधारण गेमहरूलाई यी कुराको अनुमति दिनुपर्दैन । विशेषगरी 'ब्याकग्राउन्ड लोकेसन' लाई सधैं बन्द राख्नुहोस्, जसले गर्दा हिंडडुलको 'प्याटर्न' कसैले ट्र्याक गर्न नसकोस् ।

अर्को महत्वपूर्ण कदम भनेको 'टु-फ्याक्टर अथेन्टिकेसन' (टूएफए) को प्रयोग हो । सम्भव भएसम्म एसएमएसमा आधारित २ एफए भन्दा 'अथेन्टिकेटर एप' वा भौतिक 'सेक्युरिटी की' को प्रयोग गर्नु राम्रो हुन्छ । साथै, आफ्नो मोबाइलको 'एड्भरटाइजिङ आईडी' लाई रिसेट गर्ने वा 'अप्ट-आउट' गर्ने गर्नुहोस्। यसले जासुसी सफ्टवेयरहरूलाई इन्टरनेट चलाउने बानीको आधारमा हाम्रो प्रोफाइल बनाउन गाह्रो पार्छ । अन्त्यमा, सार्वजनिक स्थानमा पाइने 'फ्री वाई-फाई' र 'यूएसबी चार्जिङ पोर्ट' बाट टाढा र हनु बुद्धिमानी ठहर्छ। एयरपोर्ट वा क्याफेमा पाइने यस्ता पोर्टहरू मार्फत 'जुस ज्याकिङ' भनिने हमला हुन सक्छ। यदि सार्वजनिक वाई-फाई प्रयोग गर्नै परेमा सधैं 'भीपीएन' को प्रयोग गर्नुपर्दछ ।

### नेपालको अवस्था - एक व्यङ्ग्यात्मक यथार्थ

नेपालको सन्दर्भमा कुरा गर्दा, यो विषय जति गम्भीर छ, त्यति नै 'हास्यास्पद' पनि देखिन्छ । जब संसारका शक्ति राष्ट्रहरू लेजर, एआई र अदृश्य भाइरसले युद्ध लडिरहेका छन्, नेपालको तयारीलाई हेर्दा 'ढाल नभएको सिपाही' जस्तो देखिन्छ । हाम्रो डिजिटल सुरक्षाको अवस्था 'पशुपतिनाथ भरोसा' मा टिकेको छ । नेपालका कतिपय सरकारी वेबसाइटहरू वर्षमा कैयौं पटक 'ह्याक' हुन्छन्, त्यो पनि कुनै ठूलो शक्ति राष्ट्रले होइन, साधारण सिकारु ह्याकरहरूले । जब हामी आफ्ना सामान्य वेबसाइटहरू जोगाउन सक्दैनौं, तब अमेरिका वा रूस जस्ता शक्तिले गर्ने राज्य-स्तरको हमला विरुद्ध हाम्रो तयारीको कुरा गर्नु आफैंमा एउटा 'डार्क ह्युमर' जस्तो बन्न पुग्छ ।

नेपालले प्रयोग गर्ने अधिकांश सफ्टवेयर र हार्डवेयर विदेशी हुन् । हामीले प्रयोग गर्ने राउटर देखि सरकारी सर्भरसम्म सबै चीन, अमेरिका वा भारतबाट आउँछन् । माथि उल्लेख गरिएको 'पेजर' हमला जस्तै, यदि ती सामान भित्रै जासुसी यन्त्र लुकाइएको छ भने हामीसँग त्यो पत्ता लगाउने कुनै ल्याब वा प्रविधि छैन ।

भेनेजुएलाको जस्तै ग्राफाइट बम वा सफ्टवेयर मार्फत हाम्रो 'लोड डिस्प्याच सेन्टर' मा हमला भयो भने, नेपालको जलविद्युत् प्रणाली केही घण्टामा नै ध्वस्त हुन सक्छ । तर एउटा रोचक कुरा के छ भने- नेपाल अझै पनि धेरै हदसम्म 'कागजी प्रक्रिया' मा चल्दछ । अमेरिका वा इस्टोनिया जस्ता पूर्ण डिजिटल भएका देशमा एउटा भाइरसले देशै ठप्प पार्न सक्छ, तर नेपालमा धेरै कुरा अझै पनि ढड्डा र फाइलमा हुने भएकाले, डिजिटल युद्धले हाम्रो 'ग्रासरुट' जीवनलाई त्यति छिटो प्रभाव पार्न सक्दैन । यो हाम्रो कमजोरी पनि हो, र एउटा अनौठो सुरक्षाकवच पनि ।

### निष्कर्षः सचेतना नै अन्तिम कवच

प्रविधि आफैंमा खराब होइन, तर यसको प्रयोग कसरी र कसले गरिरहेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । अमेरिका र उसका सहयोगीहरूले विश्वभर फैलाएको यो डिजिटल सञ्जालले एकातिर मानिसको जीवनलाई सहज बनाएको छ भने अर्कोतिर यसलाई एउटा ठूलो युद्ध मैदानमा परिणत गरिदिएको छ। इरानको आणविक भट्टीदेखि भेनेजुएलाको पावर ग्रिडसम्म र लेबनानको पेजर देखि रूसको सञ्चार प्रणालीसम्म- प्रविधिको प्रहार जतातत्तै पुगिसकेको छ ।

नेपाली पाठकहरूले के बुझ्नुपर्छ भने, हामी यो युद्धबाट टाढा छैनौं । हामीले बोक्ने हरेक मोबाइल फोन र हामीले चलाउने हरेक एप यस महायुद्धको एउटा सानो हिस्सा हो । त्यसैले, प्रविधिलाई अँगाल्दा यसका खतराहरूलाई पनि बुझ्नु जरूरी छ । आफ्नो व्यक्तिगत जानकारीको सुरक्षा गर्नु भनेको केवल आफ्नो गोपनीयता जोगाउनु मात्र होइन, आफ्नो देशको सुरक्षामा एउटा ईँटा थप्नु पनि हो । जबसम्म हामी प्रविधिको दास होइन, यसको सचेत प्रयोगकर्ता बन्छौं, तबसम्म मात्र हामी यी अदृश्य युद्धहरूबाट सुरक्षित रहन सक्छौं । भविष्यको सुरक्षा बन्दुकमा होइन, हाम्रो चेतना र डिजिटल साक्षरतामा लुकेको छ । *(स्रोत: अनलाईनखबर)*

# मोतियाविन्दु भएका ११५ जनाको आाखा शल्यक्रिया



*मोतियाविन्दुको शल्यक्रियापछि सोमबार बिहान हेटौंडा सामुदायिक आँखा अस्पताल परिसरसमा आँखाको पट्टी निकालिँदै ।*

**समाज संवाददाता**

हेटौंडा : रोटरी क्लब अफ हेटौंडाको आयोजनामा भएको आँखा शिविरमा मोतियाविन्दुका बिरामी भेटिएका १७५ जना मध्ये ११५ जनाको शल्यक्रिया भएको छ । क्लबले बुधबार, बिहीबार र शनिबार रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा आयोजना शिविरको आयोजना गरेको थियो । ३ दिन संचालन भएको शिविरमा ८१५ जनाको आँखा परीक्षण गरिएकोमा १७५ जनाको मोतियाविन्दुको भेटिएको रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

शल्यक्रियाको क्रममा ६० जना नआएको अध्यक्ष प्रधानले बताउनुभयो । मोतियाविन्दु भेटिएका केहि घरायसी कामकाज र केहिलाई स्वास्थ्य समस्याका कारण शल्यक्रियामा सहभागी नभएका हुन् । शिविरमा फेला परेका मोतियाविन्दुका बिरामीहरूको हेटौंडा सामुदायिक आँखा अस्पतालमा आइतबार शल्यक्रिया गरी सोमबार बिदाई गरेको प्रधानले बताउनुभयो । शिविर अवधिभर बिरामीहरूलाई खान, बस्न तथा आवतजावतको सम्पूर्ण सुविधा निःशुल्क प्रदान गरेको क्लबका अध्यक्ष प्रधानले जानकारी दिनुभयो । स्थानीयस्तरमा नियमित रूपमा यस्ता स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको रोटरी क्लब अफ हेटौंडाको यस पहलले ग्रामीण क्षेत्रका आँखाका बिरामीहरूलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको उहाँको भनाई छ ।

# हेटौँडाका हीरालाल वरिष्ठ उपाध्यक्ष



*निर्वाचित भएपछि प्रमाणपत्र ग्रहण गर्नुहुँदै हीरालाल लामा ।*

**समाज संवाददाता**

हेटौंडा : अस्पताल विकास समिति कर्मचारी युनियनको वरिष्ठ उपाध्यक्षमा हेटौंडाका हीरालाल लामा चयन हुनुभएको छ। युनियनको चौथो राष्ट्रिय महाधिवेशनबाट लामा सर्वसमत वरिष्ठ उपाध्यक्षमा चयन हुनुभएको हो ।

महाधिवेशनबाट विराटनगरका नवराज लुइटेलको अध्यक्षतामा ६३ सदस्यीय नयाँ समिति निर्वाचित भएको छ। समितिका लामासहित हेटौंडाका सन्देश घिमिरे सचिवमा, सुवर्णा कार्की महिला सचिवमा, राजकुमार शर्मा र जयराम रायमाझी सदस्यमा निर्वाचित भएका छन् । युनियनको चौथो राष्ट्रिय महाधिवेशन शुक्रबार भरतपुरमा भएको थियो ।

# सडक प्रभावितलाई सहुलियत दिनुपर्ने : मुख्यमन्त्री बानियाँ

**समाज संवाददाता**

हेटौंडा : हेटौंडाको राजमार्ग विस्तारको क्रममा प्रभावित भएका व्यवसायीहरुलाई आर्थिक रुपमा संघीय सरकारले सहुलियत दिनुपर्ने बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बताउनुभएको छ। सोमबार नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको नवौं प्रदेश सभा तथा अधिवेशनको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री बानियाँले व्यवसायीहरुको व्याज मिनाहा वा अन्य आर्थिक सहुलियतका लागि निर्णय गरी सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

संघीय सरकारले समन्वय नै नगरी अव्यवस्थित रुपमा संरचना भत्काएको व्यवसायीको गुनासो रहेकोले उल्लेख गर्नुहुँदै उहाँले बहुमत प्राप्त वर्तमान सरकारले व्यवसायीको गुनासो व्यवस्थापन गर्न तत्परता देखाउनुपर्ने बताउनुभयो। उहाँले प्रदेश बोझ नभई ओझ भएको बताउँदै राज्य सञ्चालकहरु प्रदेशबाट नै परिपक्व भएर संघीय सरकारमा जाने बताउनुभयो। पछिल्लो समय प्रदेश संरचना अनावश्यक र खर्चिलो भएको अफवाह फैलिएको भन्दै मुख्यमन्त्री बानियाँले प्रदेश संरचनामा राज्यको कुल खर्चको १० प्रतिशत मात्र खर्च हुने बताउनुभयो । उहाँले स्थानीय सरकार सञ्चालनको क्रममा राज्यको कुल खर्चको २४ प्रतिशत र संघीय सरकारले ६६ प्रतिशत खर्च ओगटेको तथ्याङ्क प्रस्तुत गर्दै सबैभन्दा कम खर्च प्रदेशले गरेको समेत उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री बानियाँले निजी क्षेत्रले नै राज्यलाई कर दिएर समुन्नत बनाउने हुँदा राज्य निजी क्षेत्रप्रति उदार हुनुपर्ने बताउनुभयो । उहाँले प्रदेशमा खर्च नियन्त्रणका लागि विभिन्न कार्यक्रम गर्न लागिएको जानकारी दिँदै प्रदेश सरकारले समृद्धिलाई नै नतिजामुखी कार्यक्रम गर्न लागिएको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल, महासंघका बस्तुगत उपाध्यक्ष हेमराज ढकाल, महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण वैद्य, महासंघका पूर्व वरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकार लगायत बागमती प्रदेशका विभिन्न जिल्लाका उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधीहरुको सहभागिता थियो ।

# उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको अध्यक्षमा श्रेष्ठको उम्मेदवारी घोषणा

**समाज संवाददाता**

हेटौंडा : नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समिति अध्यक्षका लागि वेद बहादुर श्रेष्ठले उम्मेदवारी घोषणा गरेका छन् । हेटौंडामा सोमबार बिहान पत्रकार सम्मेलन मार्फत् श्रेष्ठले उम्मेदवारी घोषणा गरेका हुन् । प्यानलसहित उम्मेदवारी घोषणा गरेका श्रेष्ठले ९ बुँदे प्रतिवद्धता समेत सार्वजनिक गरेका छन्। सोमबारबाटै साधारणसभा सुरु भएको छ भने निर्वाचनको कार्यक्रम मंगलबार हुनेछ ।

'पारदर्शी र उत्तरदायी नेतृत्व'को मुख्य नारासहित श्रेष्ठको टिमले बागमती प्रदेशका उद्योगी र व्यवसायीहरुको हकहितका लागि विभिन्न योजनाहरु अघि सारेका छन् । अध्यक्षका प्रत्यासी श्रेष्ठले निजी क्षेत्रको सशक्त उपस्थिति र समस्या समाधानका लागि आफ्नो टिम सदैव क्रियाशील रहने प्रतिवद्धता व्यक्त गरे । उनले आफ्नो नेतृत्वमा भवन नभएका जिल्ला/नगर उद्योग वाणिज्य संघहरुका लागि जग्गा प्राप्ति र भवन निर्माणमा तीनै तहका सरकारसँग समन्वय गरी आवश्यक सहयोग गर्ने एजेण्डा अघि सारेका छन् भने बागमती प्रदेश उद्योग वाणिज्य महासंघको आफ्नै सुविधासम्पन्न सचिवालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने घोषणा गरेका छन् ।

बागमती प्रदेश सरकारले जारी गरेको 'प्रदेश व्यवसाय ऐन २०७६' लाई व्यवसायीमैत्री बनाउन आवश्यक संशोधनका लागि पहल गर्ने, उद्योगी व्यवसायीका समस्या समाधानका लागि महासंघको केन्द्रीय नेतृत्वसँग निरन्तर अन्तरक्रिया र समन्वय गर्ने, आधुनिक कृषि प्रणाली र प्रविधिका लागि विशेष पहल गर्ने, कृषि, पर्यटन, जलविद्युत र व्यापारलाई निजी क्षेत्रको मुख्य सरोकारको विषय बनाउँदै प्रदेश सरकारसँग सहकार्य गर्ने, 'व्यवसायमा महिला, बागमती प्रदेशमा पहिला' अभियानमार्फत महिला उद्यमीका उत्पादनलाई बजारीकरण गर्न तीनै तहका सरकारसँग समन्वय गर्ने उनको प्रतिवद्धता रहेको छ ।

महासंघलाई समावेशी, पारदर्शी र संस्थागत सुशासन कायम भएको संस्थाको रूपमा स्थापित गर्ने, रसुवागढी र तातोपानी नाकामा आयात-निर्यातमा देखिएका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउने, साथै दोहोरो कर, नापतौल, अन्डर बिलिङ र मिसम्याचका समस्या समाधानमा विशेष पहल गर्ने, जिल्ला नगर, एशोसिएट र वस्तुगत संघहरुसँग समन्वय गरी उद्योगी व्यवसायीका समस्या समाधानमा हरक्षण क्रियाशील रहने उनको प्रतिवद्धतामा उल्लेख छ ।

श्रेष्ठ नेतृत्वको प्यानलमा जिल्ला/नगर उपाध्यक्षमा कृष्ण कुमार गुप्ता, एशोसिएट उपाध्यक्षमा कृष्णभक्त श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा राजकुमार दाहाल रहेका छन् । कोषाध्यक्षमा रुद्र बहादुर खत्री रहेका छन् भने सदस्यहरुमा जिल्ला नगरतर्फ कृष्ण मुरारी न्यौपाने, जयप्रकाश श्रेष्ठ, बिष्णु खनाल, राजकुमार कँडेल र राजन कार्की रहेका छन् । एशोसिएट सदस्यतर्फ उत्तम शर्मा ढकाल र नविन्द्र देव सिंह उम्मेदवार रहेका छन् भने वस्तुगत तर्फको सदस्यमा ज्योति रत्न बज्राचार्य रहेका छन्। एशोसियट उपाध्यक्षका उम्मेदवार श्रेष्ठ, वस्तुगत सदस्य ज्योतिरत्न बज्राचार्य र सदिस श्रेष्ठ यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् ।


# शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/१२/२४)*

बागमती गाउँपालिकाको कार्यालय झुरझुरे मकवानपुरको मिति २०८२/१२/२३ गते च.नं. १७६३ को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमति पत्र साथै २०८२/१२/२२ गते बसेको वि.व्य.स. को बैठकको निर्णय अनुसार गा.पा. अनुदान नि.मा.वि. (विज्ञान विषय) शिक्षक पदपूर्ति गर्न विज्ञापन गर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकताबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१. विज्ञापन नम्बर : ०२/२०८२/०८३**
२. पद : नि.मा.वि. विज्ञान (गा.पा. अनुदान)
३. पद संख्या : १ (एक)
४.तलब : स्थानीय सरकारले तोके बमोजिम ।
५.उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. शैक्षिक योग्यता : विज्ञान मूल विषय लिई प्रविणता प्रमाण–पत्र उत्तीर्ण गरेको ।
७. दरखास्त दस्तुर : १५००/– ( एक हजार पाँच सय रुपैँया मात्र) ।
८. दरखास्त दिने अन्तिम मिति : २०८२/१२/३० गते विद्यालय समयभित्र ।
९. सम्पर्क मिति : २०८३/०१/२ गते
१०.परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।
११. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक ।

**१२. आवश्यक कागजातहरू**
क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
ख) शैक्षिक प्रमाण–पत्रको प्रतिलिपी ।
ग) अध्यापन अनुमति प्रमाण–पत्रको प्रतिलिपी (अनिवार्य नभएको)
घ) छनौटको समयमा सक्कल प्रमाणपत्र अनिवार्य ।

**नोट** : बिदाको समयमा पनि रितपूर्वक दरखास्त whatsapp (9845290850) मा पनि आवेदन पठाउन सकिनेछ ।
सम्पर्क :९८६१५४२३२७ (अध्यक्ष), ९८४५२९०८५० (प्र.अ.), ९८६१५३९२२४ (स.प्र.अ.)

**श्री जनहित आधारभूत विद्यालय**
**बागमती गाउँपालिका–६, रातोमाटे**



## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/१२/२३ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः बिष्णुमाया पुलामी (बुहारी) जग्गावालाः पुड्के थापा (ससुरा)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ४ को मेरो ससुरा पुड्के थापाको नाममा नाप नक्शा भएको कि.नं. ४५६ को क्षेत्रफल ज.वि. ०-३-७ जग्गा लिलादमार मौजेको रैती नं.४ को रेती पुड्के थापा मगरको नाममा नै साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज जगावाला मेरो ससुरा पुड्के थापा भन्ने पुड्के थापा ग्यालनको मिति २०७८/०३/२५ मा मृत्यु भएको र निजकी एकमात्र पत्नि मेरो सासु घिउ कुमारी थापा मगरको मिति २०७७/०३/१७ मा मृत्यु भएकोमा निजहरुको हकखाने निजहरुबाट जायजन्म भएको जेठा छोरा गजविर ग्यालन मगर भएकोमा निजको पनि मिति २०७१/१०/२६ मा मृत्यु भएकोमा निजको हकखाने एक मात्र पत्नि नुनु माया ग्यालन र २छोरा तथा एक छोरी भएको साथै फिल्डबुकवालाको कान्छो छोरा श्याम बहादुर ग्यालन मगर भएकोमा निजको पनि मिति २०७६/०६/०४ मा मृत्यु भइसकेको र निजको हकमा हकखाने एक मात्र पत्नि म विष्णु माया पुलामी र ४ वटी छोरीहरु भएको तथा फिल्डबुकबालाको समेत ४ जना छोरीहरु भएकोमा विवाहदान भई पर घर गइसकेकोले फिल्डबुकवालाका अब उपरान्त हकखाने नजिकका जिवित हकदारहरुमा बुहारीहरु नुनु माया ग्यालन र बिष्णु माया पुलामी भएको र उल्लेखित जग्गा फिल्डबुकवाला र निजका नजिकका हकदार पत्नि तथा छोराहरुको मृत्यु पूर्व निजहरुले नै र निजहरुको मृत्यु पश्चात नजिकका जिवित हकदार बुहारीहरु नुनु माया ग्यालन र विष्णु माया पुलामीले नै साविक देखि हाल सम्म निरन्तर हकभोग गरी आएकोले जेठानी नुनु माया ग्यालनको मंजुरीले निवेदक विष्णु माया पुलामीको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि बागमती गाउँपालिका ५ नम्बर वडा कार्यालयको च.नं. ३२० मिति २०८२/०८/२१ को छुट जग्गा दर्ता सम्बन्धी हकदार खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २१० मिति २०८२/०८/२१ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित तपशिलका जग्गा निवेदकको माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक तथा मंजुरीकर्ता बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकूल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस/नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | पुड्के थापा<br>प. फापरबारी वडा नं.- ४<br>बाबु -...<br>बाजे - ... | फापरबारी | ४ | ४५६ | ०-३-७ | बिष्णुमाया पुलामी | जिल्ला मकवानपुर, लिला दमार मौजेको, रै.नं. ४ को रैति पुड्के थापा मगर |


# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

**हेटौँडा-८ स्थित कमाने एकेडेमीमा प्राथमिक तहका विद्यार्थीको वार्षिक उपलब्धी प्रस्तुती कार्यक्रम**



आफ्ना बालबालिकाका प्रस्तुती मोबाइलमा कैद गर्दै अभिभावकहरु ।



नृत्य कला प्रस्तुत गर्दै विद्यार्थी ।



पुस्तकको समीक्षा प्रस्तुत गर्दै एक विद्यार्थी ।



विद्यार्थीका कलाको प्रदर्शनी अवलोकन गर्नुहुँदै एक अभिभावक ।

## प्रधानमन्त्री कप क्रिकेट

# अर्जुनको शतकमा त्रिभुवन आर्मीको फराकिलो जित




*प्लेयर अफ द म्याचको ट्रफी ग्रहण गर्दै आर्मीका अर्जुन साउद ।*

समाज संवाददाता

हेटौँडा : जारी पुरूष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ मा विभागीय टोली त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई फराकिलो रन अन्तरले पराजित गरेको छ । सोमबार वीरगन्जको नारायणी रंगशालामा भएको खेलमा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई १३८ ले पराजित गर्दै आफ्नो अपराजित यात्रा कायमै राखेको छ । जारी प्रतियोगितामा हालसम्म ६ खेल खेलेका आर्मी क्लबले ५ मा जित र एक खेलमा अंक बाँडेको छ ।

सोमबार भएको खेलमा टस जितेर सुरुमा व्याटिङ गरेको आर्मी क्लबले कर्णाली प्रदेशलाई २६९ रनको लक्ष्य दिएको थियो । आर्मी क्लब ४८ ओभरमा २६८ रनमा अलआउट भएको थियो । आर्मी क्लबका अर्जुन साउदले १२१ रनको शतकीय पारी खेले । बसिर अहम्दले ४५ रन, सन्तोष कार्कीले २९ र नरेन साउदले २० रन बनाए । कर्णालीका दिनेश अधिकारीले ४ विकेट र प्रकाश जैसीले ३ विकेट लिए । लक्ष्य पछ्याएको कर्णाली प्रदेश १३० रनमै रोकियो । कर्णाली प्रदेश ४२ ओभर १ बलमा १३० रनमा अलआउट भयो । कर्णाली प्रदेशका विपिन विक्रम शाही ठकुरीले सर्वाधिक ४० रन बनाए । अर्जुन घर्ती मगरले ३२ रन र दिपेन्द्र रावतले २५ रन बनाए भने कर्णालीका अन्य व्याटरहरुले राम्रो प्रदर्शन गर्न सकेनन् । आर्मी क्लबका बसिर अहमद र साहब आलमले समान ३/३ विकेट लिए भने आकाश चन्दले २ विकेट लिए । आर्मीको जितमा नायक बनेका अर्जुन साउद प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा कर्णाली प्रदेशको यो पाँचौं हार हो । हालसम्म ७ वटा खेल खेलेका कर्णाली प्रदेश एक खेलममा मात्र जित निकाल्न सकेको छ भने एक खेलमा अंक बाँडेको छ ।

यस्तै, सोमबार जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको अर्को खेलमा नेपाल एपीएफ क्लबले सुदूरपश्चिम प्रदेशलाई ४५ रनले पराजित गरेको छ । टस हारेर सुरुमा व्याटिङ गरेको एपीएफ क्लबले सुदूरपश्चिमलाई २६० रनको लक्ष्य दिएको थियो । एपीएफ क्लबले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २५९ रन बनाएको थियो । एपीएफ क्लबका सन्दिप जोराले ५५, लोकेश बमले ४७, दीपक बोहराले ४६ र सुमित महर्जनले ४१ रन बनाए । सुदूरपश्चिमका कप्तान शेल मल्लले ३ विकेट, अशोक धामी र विकास अग्रीले समान २/२ विकेट लिए ।

जवाफी व्याटिङ गरेको सुदूरपश्चिम प्रदेश ४६ ओभर ३ बलमा २१४ रनमा अलआउट भयो । सुदूरपश्चिमका अशोक धामीले ५० रन र अभिषेक पालले ४४ रन बनाए । एपीएफ क्लबका युवराज खत्रीले ५ विकेट र अभिषेक गौतमले २ विकेट लिए । घातक बलिङ्ग गरेका खत्री प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा ११ अंकसहित त्रिभुवन आर्मी क्लब अंक तालिकाको शीर्षस्थानमा रहेको छ । १० अंकसहित सुदूरपश्चिम दोस्रो र ७ अंकसहित नेपाल एपीएफ क्लब छैठौं स्थानमा रहेको छ भने ३ अंकसहित कर्णाली प्रदेश पुच्छारबाट दोस्रो स्थानमा रहेको छ ।

## हेटौँडा फुटबल एकेडेमी बाहिरियो

समाज संवाददाता

हेटौँडा : हेटौँडा फुटबल एकेडेमी नवौं गोलबजार मेयर गोल्डकप-२०८२ बाट बाहिरिएको छ । सोमबार सुनसरीको राष्ट्रिय जागृति क्लबसँग पराजित भएसँगै हेटौँडा एकेडेमी प्रतियोगिताबाट बाहिरिएको हो ।

हेटौँडा एकेडेमी पेनाल्टी सुटआउटमा ४-१ गोलअन्तरले पराजित भएको हो । निर्धारित समयमा दुवै टोलीले समान १/१ गोल गरेपछि खेल पेनाल्टी सुट आउटमा पुगेको थियो । प्लेयर अफ द म्याच बनेका जागृति क्लबका गोल रक्षक विवश चौधरीले नगद ५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरे । सिरहा जिल्लाको गोलबजार नगरपालिकाको आयोजनामा सोमबारदेखि प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता नटआउट प्रणालीमा सञ्चालन भइरहेको छ । प्रतियोगिताको फाइनल खेल चैत २९ गते हुनेछ । प्रतियोगिता विजेता टोलीले ४ लाख ४४ हजार ४४४ रूपैयाँ र उपविजेता टोलीले २ लाख २२ हजार २२२ रूपैयाँ पुरस्कार प्राप्त गर्नेछ ।

# राष्ट्रिय पुरस्कारबाट हेटौँडाका पराजुली सम्मानित

समाज संवाददाता

हेटौँडा : कोइराला सेवा समाज नेपालले 'डिट्ठा कुलप्रसाद कोइराला राष्ट्रिय समाजसेवी पुरस्कार-२०८२' बाट हेटौँडाका अभियन्ता अपर्ण पराजुली सम्मानित हुनुभएको छ । कोइराला सेवा समाज नेपाल काठमाडौंको ३० औं वार्षिक साधारण सभा तथा १० औं महाअधिवेशनको अवसरमा शनिबार पराजुलीलाई सम्मान गरिएको हो ।

पराजुलीलाई २५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको हो । उहाँ सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरको परिकल्पनाकार तथा संरक्षक हुनुहुन्छ । मामाघर नेपालले २०६८ सालदेखि हेटौँडा र आसपासका क्षेत्रमा सडक बालबालिकाको आपतकालिन राहत, उद्दार, परामर्श, आवासीय सुविधा, औपचारिक शिक्षा र सीप प्रदान गर्दै आएको छ । हालसम्म २ हजार २ सय ७६ जना अनाथ, असहाय र सडक आश्रित बालबालिकालाई सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । २०६८ सालमा पराजुली आफैं ३ महिनासम्म बालबालिकाहरुसँग सडकमा बसेर अनुसन्धान गर्नुभएको थियो । बालबालिकाहरुले आफूलाई मामा भनी सम्बोधन गरेकोले हेटौँडा उपमहानगरपालिकाको सल्लाहमा संस्थाको नाम मामाघर नेपाल राखिएको उहाँको भनाइ छ ।

स्थापना कालमा भाडाको घरबाट सुरु भएको मामाघर नेपाल सिद्धिलाल श्रेष्ठले २ कट्ठा सवा १४ धुर जग्गा दान दिएपछि हाल हेटौँडा-११ स्थित आफ्नै भवनमा सञ्चालित छ । पराजुलीका अनुसार सुरुमा ९ वर्षसम्म भाडाको घरमा सञ्चालन हुँदा हेटौँडा उपमहानगरपालिकाले भाडा शुल्क तिर्ने गरेको थियो । सिद्धिलाल श्रेष्ठबाट जग्गा प्राप्त भएपछि 'एक व्यक्ति, एक इट्टा' अभियान सञ्चालन गरी संस्थाले भवन निर्माण गरेको उहाँले जानकारी दिनुभयो ।

हाल मामाघरमा २४ जना बालबालिका छन् । नियमित आम्दानीका केही स्रोत नभएपनि व्यक्तिहरुको जन्मदिन, वैवाहिक वर्षगाँठ, संस्थाको स्थापन दिवस पितृ श्राद्ध आदिमा प्राप्त सहयोगबाट बालबालिकाहरुको पालनपोषण भइरहेको उहाँको भनाइ छ ।


# हार्दिक बधाई



हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको मिति २०८२ साल चैत १४ गते सम्पन्न **५८ औं अभिभावक भेला**बाट यस कम्पनिका सञ्चालक आदरणीय **विवेक कार्की** सर्वसम्मत दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालका शुभकामना व्यक्त गर्दछौं ।

**केबी ग्रुप अफ इन्जिनियरिङ परिवार**
हेटौँडा, मकवानपुर


## निजी अस्पताललाई मन्त्रालयको ताकेता

# १० प्रतिशत शैय्या निःशुल्क उपलब्ध गराउनु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशभित्र सञ्चालित सबै निजी तथा गैरसरकारी अस्पतालहरुलाई निःशुल्क शैय्या सेवा उपलब्ध गराउन ताकेता गरेको छ । मन्त्रालयले प्रदेशका निजी तथा गैरसरकारी अस्पतालहरुलाई ताकेता गर्दै कुल शैय्याको १० प्रतिशतमा अनिवार्य रुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउन निर्देशन दिएको हो ।

मन्त्रालयले सोमबार एक परिपत्र जारी गर्दै बागमती प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (६) मा भएको कानुनी व्यवस्थालाई अक्षरशः पालना गर्न निर्देशन दिएको हो । उक्त ऐनमा हरेक अस्पतालले सामाजिक सेवा इकाई स्थापना गरी अस्पतालको कुल शैय्या संख्याको कम्तीमा १० प्रतिशत शैय्यामा बेवारिसे, अति गरिब, विपन्न, अपाङ्गता भएका र असहाय व्यक्तिहरुलाई निःशुल्क उपचार सेवा दिनुपर्ने प्रावधान छ । सो अन्तर्गत लक्षित वर्गलाई आवश्यक सेवा, औषधि तथा उपचार उपलब्ध गराउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अस्पताल स्वयम्ले व्यहोर्नुपर्नेछ ।

उक्त कानूनी प्रावधानको कार्यान्वयन अवस्था सन्तोषजनक नभएको र जनस्तरबाट विभिन्न गुनासोहरु प्राप्त भएका मन्त्रालयले ताकेता गर्दै कानुन बमोजिमको निःशुल्क सुविधा उपलब्ध गराउन निर्देशन गरेको हो । मन्त्रालयले तोकिएको प्रतिशतमा लक्षित वर्गलाई सेवा उपलब्ध गराउन र सोको कार्यान्वयन सम्बन्धी प्रगति विवरण नियमित रुपमा मन्त्रालयमा पेश गर्न समेत निर्देशन दिएको छ ।

## एसईई-२०८२

# विज्ञान विषयमा १५२ जना अनुपस्थित

समाज संवाददाता

हेटौँडा : बिहीबारदेखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को चौथो दिन सोमबार विज्ञान विषयको परीक्षामा १५२ जना परीक्षार्थी अनुस्थित भएका छन् । मकवानपुर जिल्लामा ६ हजार २४ जना परीक्षार्थी उपस्थित हुँदा १ सय ५२ जना अनुपस्थित भएका हुन् ।

परीक्षामा नियमित परीक्षार्थीहरुमध्ये साधारणतर्फ ५ हजार ३८२ जना उपस्थित हुँदा ८५ जना अनुपस्थित भएका छन् भने प्राविधिक धारतर्फ १७९ जना उपस्थित हुँदा ३ जना अनुपस्थित भएका छन् । यस्तै ग्रेडवृद्धितर्फ ४ सय ६३ जना उपस्थित हुँदा ६४ जना अनुपस्थित भएका छन् । मकवानपुरमा २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भइरहेको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म भइरहेको छ ।


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**



## ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय
हेटौंडा-५, भैरवरोड

## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मिति २०८२/१२/२४)*

यस विद्यालयका लागि निम्नबमोजिमका शिक्षक विद्यालय सञ्चालन विनियमावलीअनुसार करारमा नियुक्त गर्नुपर्ने भएकाले निम्नलिखित योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आव्हान गरिएको छ ।

| क्र.सं. | विषय | संख्या | तह/कक्षा | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | ग्रेड शिक्षक | १ जना | कक्षा १ | अङ्रेजी विषयमा १०+२ उत्तीर्ण |
| २. | विज्ञान शिक्षक | १ जना | प्राथमिक | विज्ञान विषयमा १०+२ उत्तीर्ण |
| ३. | सामाजिक/स्थानीय विषय शिक्षक | १ जना | प्राथमिक | सामाजिक अध्ययन विषयमा १०+२ उत्तीर्ण |
| ४. | विज्ञान शिक्षक | १ जना | माध्यमिक | विज्ञान विषयमा स्नातक तह उत्तीर्ण |

१. परीक्षाको किसिम लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पुरा भई ४० ननाघेको
३. दरखास्त दिने अन्तिम मिति : २०८३ वैशाख ११ गते विद्यालय समयभित्र
४. लिखित परीक्षा : २०८३ वैशाख १२ गते शनिबार, बिहान ११ बजे, अन्तरवार्ता तथा कक्षा अवलोकनको मिति पछि जानकारी गराइने छ ।
५. परीक्षा दस्तुर : ग्रेडशिक्षक/प्राथमिक तह शिक्षकको लागि रु १०००/- तथा मा.वि. तहको लागि रु १,५००/-
६. आवश्यक कागजातहरु हस्तलिखित निवेदनको साथमा नागरिकता, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको २ थान पासपोर्ट साइजको फोटो, अनुभवको प्रमाणपत्र । ग्रेडशिक्षकको लागि ECED तालिमको प्रमाणपत्र ।

सम्पर्क : ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय
हेटौंडा-५, फोन न.: ०५७-५८१३८७, ०५७-५२३४१५,
९८५५०६९२८४, ९८५५०६९२८४



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौँडा-४, मकवानपुर



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौँडा-४, मकवानपुर



## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्यावरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ